# विनियोजन ऐन

# रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन ऐन, २०७४

**रुपाकोट मझुवागढी नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।**

**प्रस्तावना** : रुपाकोट मझुवागढी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रुपाकोट मझुवागढी नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "रुपाकोट मझुवागढी नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन चालु आर्थिक बर्षको प्रारम्भबाट लागू हुनेछ।

**२. आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **६१,५३,२३,०००।००।**-(एकसठ्ठी करोड त्रिपन्न लाख तेईस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त रुपाकोट मझुवागढी नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) **उपदफा** (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

**(३) उपदफा** (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

*अनुसूची*

(दफा २ संग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संचित कोषबाट विनियोजित हुने रकम**

| क्र.स. | अनुदान संख्या | चालु खर्च | पूजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | १४,४०,०९,०००। | १३,३९,३६,०००। | २७,७९,४५,०००। |
| २ | वडा समिति | २,९२,५०,०००। | ९,५०,६०,०००। | १२,४३,१०,०००। |
| ३ | विषयगत शाखा | २१,३०,६८,०००। | ० | २१,३०,६८,०००। |
| | **जम्मा** | **३८,६३,२७,०००।००** | **२२,८९,९६,०००।००** | **६१,५३,२३,०००।००** |

नगरसभाबाट पारित यो विधेयक नगर सभा सञ्चालन कार्यविधिको दफा २२ उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

(दिपनारायण रिजाल)

सभाध्यक्ष

मितिः २०७४/०६/२६